प्रदेश सभा कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११७ को उपनियम (२) बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नामः कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ताको क्रम निर्धारण गरिएको)

| क्र.सं. | माननीय सदस्यको नाम |
|---|---|
| १. | मा० हिक्मतबहादुर विष्ट |
| २. | मा० विजया बुढा |
| ३. | मा० जीवनबहादुर शाही |
| ४. | मा० महेन्द्र के.सी. |
| ५. | मा० देवेन्द्र बहादुर शाही |
| ६. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल |
| ७. | मा० यामलाल कंडेल र मा० विनोद कुमार शाह |
| ८. | मा० विन्दमान विष्ट |

### दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | प्रस्तावना | | | | प्रदेश निजामती सेवालाई सुदृढ, सेवामूलक, उत्तरदायी, दक्ष, कार्य सम्पादनमा कुसल, तटस्थ, व्यावसायिक र सेवा प्रवाहमा निष्पक्ष बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले, कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ। | निजामती सेवाका मूल्य र मान्यता उल्लेख गर्दा प्रस्तावनाको गरिमा बढ्ने। |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| २. | मा० महेन्द्र के.सी. | १ | (२) | | | यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। | |
| ३. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | १ | २ | | | यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। | |
| ४. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | २ | | क | | नियुक्ति पछि "तथा पदस्थापन" भन्ने शब्द थप्ने। | दफा १५ मा भएको व्यवस्थाको परिभाषा। |
| ५. | मा० हिक्मतबहादुर विष्ट | ४ | १ | घ | | प्रदेश शिक्षासेवा लाई झिक्नुपर्ने। | शिक्षा ऐनले शिक्षकलाई निजामती नमानेकोले वा शिक्षा ऐनले शिक्षा सेवालाई निजामती अन्तर्गत नराखेकोले |
| ६. | मा० जीवनबहादुर शाही | ४ | १ | | | मूल विधेयकमा देहायबमोजिम खण्ड थप गरी सोही बमोजिम अनुक्रम मिलाउने।<br>"खण्ड (झ)-प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा।" | निजामती सेवामा यो सेवा समूह आवश्यक भएको। |
| ७. | मा० महेन्द्र के.सी. | ४ | (४) | | | हटाउनुपर्ने | • योजना तथा तथ्यांक सेवा विशिष्टिकृत एवम् प्राविधिक प्रकृतीको सेवा भएको हुँदा प्रशासन तर्फको सेवामा समुहिकृत गर्न उपयूक्त नहुने,<br>• प्रशासन तर्फका मौजुदा जनशक्तिको वृत्ती विकासमा समेत असर पर्ने,<br>• विधेयकको दफा ४३ (३) |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | | संग बाझिने,<br>• निजामती सेवा ऐन, २०४९ को दफा २६ सँग बाझिने। |
| ८. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | ४ | ४ | | | यो ऐन प्रारम्भ हुनु अघि प्रदेश निजामती सेवाको आर्थिक योजना तथा तथ्यांक सेवामा समायोजन भएका कर्मचारीलाई उपदफा (१) खण्ड (च) बमोजिमको सेवामा तोकिए बमोजिम समूहमा कायम गरिनेछ। | योजना तथा तथ्यांक सेवा विशिष्टिकृत एवम् प्राविधिक प्रकृतिको सेवा भएको हुँदा प्रशासन तर्फको सेवामा समूहकृत गर्न उपयुक्त नहुने साथै प्रशासन तर्फका मौजुदा जनशक्तिको वृत्ति विकासमा समेत असर पार्ने। |
| ९. | मा० विन्दमान विष्ट | ४ | ४ | | | आर्थिक योजना तथा तथ्याङ्क सेवामा समायोजन भएका कर्मचारीको समूह परिवर्तनको व्यवस्था हटाउने | दफा ४ को खण्ड (च) मा समावेश गर्नु पर्ने। |
| १०. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | ५ | (१) | | | संघ र प्रदेशका तह र पदनाम एउटै बनाउन छलफल गर्ने। | छलफलका लागि। |
| ११. | मा० विन्दमान विष्ट | ७ | १ | – | | सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न, पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित मन्त्रालयले तोकिएबमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ। | सङ्गठन संरचना वा दरबन्दी बारे सम्बन्धित मन्त्रालय नै बढि जानकार हुने भएकाले। |
| १२. | मा० विजया बुढा | ८ | १ | क | | मूल विधेयकको तालिका अन्तर्गत खण्ड "छ" को पहिलो कोलममा रहेको "१००%" अंकको सट्टा देहायबमोजिमको अंकलाई राख्ने।<br>"७०%"।<br>सोही खण्डको तेस्रो, चौथो र पाँचौ कोलममा क्रमशः "१०%" भन्ने अंकलाई थप गरि सोही अनुसार अंक भार | यसो गर्दा आन्तरिक (समायोजन ऐन अनुसार समायोजन भएका सातौं तहका पशु चिकित्सक कर्मचारी तथा खुल्ला वृत्ति विकास प्रणालीलाई अवलम्बन हुने र कर्मचारीहरूको मनोबलमा |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | मिलाउने। | बृद्धि हुने। |
| १३. | मा० देवेन्द्र बहादुर शाही | ८ | १ | छ | | अधिकृत आठौं (कृषि सेवा, पशु चिकित्सक पदमा) मा सय प्रतिशत (१००%) खुल्ला प्रतियोगिताबाट पदपुर्ति गर्ने भन्नेमा ३०% (तीस प्रतिशत) बढुवा प्रयोजनमा राख्नु पर्ने। | मुल विधेयकको व्यवस्थाले Bachelor of Veterinary Science and Animal husbandry (भेटनरी डा. कोर्ष) पुरा गरेका र पाँचौं, छैटौं र सातौं पदमा लामो समय काम गरेका कर्मचारीहरू, योग्यता हुँदा हुँदै पनि बढुवा हुन नपाउने भएकाले। |
| १४. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | ८ | (२) | घ | | <u>अधिकृत सातौं</u><br>-खुल्ला ५० प्रतिशत<br>-आन्तरिक प्रतियोगितात्मक परीक्षा १५ प्रतिशत<br>-जेष्ठता र का.स.मु. १५ प्रतिशत<br>-कार्यक्षमताको मूल्याङ्कनद्वारा १० प्रतिशत<br>-अन्तर समूह ५ प्रतिशत<br>-अन्तरतह ५ प्रतिशत | -निजामती सेवा र स्वास्थ्य सेवाको पदपूर्ती प्रक्रियामा एकरुपता कायम गर्ने<br>-स्वास्थ्य ऐनमा आन्तरिक प्रतियोगिता नै उल्लेख भएकाले। |
| १५. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | ८ | २<br>– | नयाँ | | स्वास्थ्यकर्मीहरूको हकमा कम्तीमा २ तह स्तरवृद्धि अनिवार्य हुनुपर्ने।<br>**-चौथो बाट पाँचौं/छैटौं**<br>**-पाँचौं बाट छैटौं/सातौं** | विधेयकमा चौथोबाट पाँचौं, र छैटौं बाट सातौंमा जाने स्तरवृद्धिको व्यवस्था नभएकोले संशोधन आवश्यक भएकाले। |
| १६. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | ८ | नयाँ | | | यस खण्डमा अ.न.मी. चौथौं तहमा सुरु नियुक्ति भई तोकिएको मापदण्ड पुरा गरी जनरल नर्सिङ, स्टाफ नर्स पदमा बढुवाद्वारा पदपूर्ति हुन पाउने। | थप्न आवश्यक भएकाले। |
| १७. | मा० महेन्द्र के.सी. | ८ | (१०) | | | हटाउनुपर्ने | • विधेयकको दफा ४ को |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | | उपदफा (१) को खण्ड (च) मा प्रदेश विविध सेवा राखिएको,<br>• प्रशासन तर्फका मौजुदा जनशक्तिको वृत्तीविकासमा समेत असर पर्ने,<br>• विधेयकको दफा ४३ (३) सँग बाँझिने,<br>• निजामती सेवा ऐन, २०४९ को दफा २६ सँग बाँझिने। |
| १८. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | ८ | १० | | | उपदफा हटाउनु पर्ने। | विधेयकको दफा ४ को उपदफा (१) को खण्ड (च) मा प्रदेश विविध सेवा गठन गरिएको। |
| १९. | मा० विजया बुढा | ९ | १ | घ | | मूल विधेयकको खण्ड (घ) मा रहेको "दश" भन्ने शब्दावलीको सट्टा देहायबमोजिमको शब्दावलीलाई राख्ने।<br>"बाह" | मूल दफामा रहेको खण्ड (च) झिकिएको हुँदा खण्ड (घ) मा रहेको पिछडीएको क्षेत्र शिर्षकमा अंक भार थप गरी मिलाईएको। |
| २०. | मा० हिक्मतबहादुर विष्ट | ९ | १ | च | | शुरुमै 'द्वन्द्व पीडित' थप्नुपर्ने | द्वन्द्व पीडित सबैलाई सबैलाई समेट्न |
| २१. | मा० विजया बुढा | ९ | १ | | | मूल विधेयकमा रहेको देहायबमोजिमको खण्डलाई झिक्ने।<br>"खण्ड-च" | यस्ता प्रावधानहरू संविधान र ऐनको मर्म तथा भावना विपरीत हुन जाने भएकोले। |
| २२. | मा० जीवनबहादुर शाही | ९ | १ | | | मूल विधेयकको खण्ड (च) मा रहेको "सहिद परिवार" भन्ने शब्दावली पश्चात देहायबमोजिमको शब्दावलीलाई थप गर्ने। | द्वन्द पीडित परिवारभित्र विस्थापित परिवारसमेत पर्ने भएको हुँदा छुट्न |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | "विस्थापित परिवार।" | गएकोले विस्थापित परिवारलाई समेत समेट्नु पर्ने। |
| २३. | माо यामलाल कंडेल,<br>माо विनोद कुमार शाह,<br>माо टेकराज पछाई र<br>माо जीतबहादुर मल्ल | ९ | (१) | च | | पुरै हटाउने। | यस सँग सम्बन्धित परिवारले राज्यबाट विभिन्न सुविधा प्राप्त गर्ने हुनाले। |
| २४. | माо यामलाल कंडेल,<br>माо विनोद कुमार शाह,<br>माо टेकराज पछाई र<br>माо जीतबहादुर मल्ल | ९ | | | | स्पष्टीकरणको (१) पुरै हटाउने। | समावेशी सिद्धान्तको आधारमा। |
| २५. | माо हिक्मतबहादुर विष्ट | ९ | १ | स्पष्टीकरण १ | | खसआर्य भन्नाले कानून बमोजिम सुचिकृत भएका वा अनुसुचीमा उल्लेख गरिएको समुदाय सम्झनुपर्छ। | यस जातिगत समुदायलाई आर्थिक अवस्थाले विभक्त गर्न उचित नहुने भएकोले |
| २६. | माо यामलाल कंडेल र<br>माо विनोद कुमार शाह | ९ | ३ | | | यसको (घ) मा जिल्लाको भन्दा पालिकाको आधारमा पिछडीएको क्षेत्र तोक्नुपर्ने। | मानव विकास सूचकाङ्को आधारमा। |
| २७. | माо विजया बुढा | ९ | ४ | क र ख | | मूल विधेयकमा रहेको देहायबमोजिमको उपदफालाई झिक्ने।<br>"उपदफा-४" | मूल दफाको (च) खण्ड नै झिकिएकोले पुष्टयाई आवश्यक नपर्ने। |
| २८. | माо महेन्द्र के.सी. | १० | | | | प्रदेश सरकारको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाबाट हुने। | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (४) तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १० मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद |

सभामुख

Scanned with CamScanner

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | | कानुन बनाई व्यवस्था गर्न भनिएको,<br>• बागमती प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ११३ मा व्यवस्था भएको। |
| २९. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | | | | प्रदेश सरकारको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाबाट हुने। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (४) तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १० मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेशको हुने भनि व्यवस्था गरिएको। |
| ३०. | मा० विन्दमान विष्ट | १० | १ | | | प्रदेश सरकारको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाबाट हुने। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम |
| ३१. | मा० हिक्मतबहादुर विष्ट | २० | १ | ग | ग | पुरुष उम्मेद्वार र महिला उम्मेद्वारको हकमा ३५ वर्ष पुरा नभएको | उमेर हद समान गर्दा नै उचित हुने भएकोले |
| ३२. | मा० जीवनबहादुर शाही | २० | १ | ग | | मूल विधेयकको "लाग्ने छैन" भन्ने शब्दावली पछि देहायबमोजिमको वाक्य र शब्दावलीलाई-थप गर्ने। "र ऐन प्रारम्भ हुनु भन्दा अघि देखि ऐन प्रारम्भ हुँदाको बखत संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय तहको सेवा समूह वा उपसमूह वा तहको पदमा अस्थायी दरबन्दीमा निरन्तर कार्यरत ऐनबमोजिम उमेरको हद पार भएका कमर्चारीलाई एक पटक खुला प्रतिष्पर्धामा अवसर प्रदान गरिने छ। | लामो समयदेखि अस्थायी सेवामा कार्यरत रही उमेर हद पुरा भएका अस्थायी कर्मचारीलाई एक पटक खुला प्रतिष्पर्धाका लागि अवसर दिनु वाञ्छनीय र न्यायोचित हुने। |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| ३३. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २० | | ग | | पुरुष उम्मेदवारको हकमा उमेर हद ४० र महिलाको हकमा उमेर हद ४५ वर्ष पुरा नभएको। | -संघीय ऐन अवनुसार<br>-पढाई गर्ने समय बढी लाग्ने विशेष गरी स्नातकोत्तर एमडी, एमएस, एमएनएस लगायतका कोर्षहरू। |
| ३४. | मा० जीवनबहादुर शाही | २४ | १ | ग | | मूल विधेयकमा रहेको "प्रमुख सचिव" शब्दावलीको सट्टा देहायबमोजिम शब्दावली राख्ने।<br>"मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।" | कर्मचारीहरूको सरुवा लगायतका व्यवस्थापन कार्य कार्यालयले गर्ने। |
| ३५. | मा० हिक्मतबहादुर विष्ट | २४ | १ | घ | | "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई" भन्ने झिक्नु पर्ने | सम्बन्धित मन्त्रालयलाई नै सरुवा गर्ने अधिकार दिंदा बढी व्यवहारीक हुने भएकाले। |
| ३६. | मा० जीवनबहादुर शाही | २४ | ३ | | | मूल विधेयकको कम्तिमा भन्ने शब्द पछि "एक" भन्ने शब्दको सट्टा देहाय बमोजिमको शब्दावली राख्ने। "दुई". | कुनै निकाय वा कार्यालयमा कुनै कर्मचारीको सेवा अवधी कम्तीमा दुई वर्षसम्म भएमा सेवा प्रवाह गूणस्तरीय एवम् प्रभावकारी हुनुका साथै कर्मचारी सरुवा प्रणाली र व्यवस्थापनसमेत व्यवस्थित हुने। |
| ३७. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २४ | ३ | | | यसमा भएको एक वर्षको सेवा अवधिलाई दुई वर्ष राख्नु पर्ने। | सेवाअवधि दुई वर्ष राख्दा उपयुक्त हुने हुनाले। |
| ३८. | मा० हिक्मतबहादुर विष्ट | २६ | १ | | | तर...............योग्यता, अनुभवको उपयोग गर्न र स्वास्थ्य अवस्थाको संवेदनशिलताका कारण भनि मिलाउन पर्ने | स्वाथ्य अवस्थालाई बिचार गर्न |

सभागुरु

Scanned with CamScanner

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोंधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| ३३. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | २० | | ग | | पुरुष उम्मेदवारको हकमा उमेर हद ४० र महिलाको हकमा उमेर हद ४५ वर्ष पुरा नभएको। | -संघीय ऐन अवनुसार<br>-पढाई गर्ने समय बढी लाग्ने विशेष गरी स्नातकोत्तर एमडी, एमएस, एमएनएस लगायतका कोर्षहरू। |
| ३४. | मा० जीवनबहादुर शाही | २४ | १ | ग | | मूल विधेयकमा रहेको "प्रमुख सचिव" शब्दावलीको सट्टा देहायबमोजिम शब्दावली राख्ने।<br>"मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।" | कर्मचारीहरूको सरुवा लगायतका व्यवस्थापन कार्य कार्यालयले गर्ने। |
| ३५. | मा० हिक्मतबहादुर विष्ट | २४ | १ | घ | | "मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सहमति लिई" भन्ने झिक्नु पर्ने | सम्बन्धित मन्त्रालयलाई नै सरुवा गर्ने अधिकार दिंदा बढी व्यवहारीक हुने भएकाले। |
| ३६. | मा० जीवनबहादुर शाही | २४ | ३ | | | मूल विधेयकको कम्तिमा भन्ने शब्द पछि "एक" भन्ने शब्दको सट्टा देहाय बमोजिमको शब्दावली राख्ने। "दुई". | कुनै निकाय वा कार्यालयमा कुनै कर्मचारीको सेवा अवधी कम्तीमा दुई वर्षसम्म भएमा सेवा प्रवाह गुणस्तरीय एवम् प्रभावकारी हुनुका साथै कर्मचारी सरुवा प्रणाली र व्यवस्थापनसमेत व्यवस्थित हुने। |
| ३७. | मा० यामलाल कंडेल,<br>मा० विनोद कुमार शाह,<br>मा० टेकराज पछाई र<br>मा० जीतबहादुर मल्ल | २४ | ३ | | | यसमा भएको एक वर्षको सेवा अवधिलाई दुई वर्ष राख्नु पर्ने। | सेवाअवधि दुई वर्ष राख्दा उपयुक्त हुने हुनाले। |
| ३८. | मा० हिक्मतबहादुर विष्ट | २६ | १ | | | तर...............योग्यता, अनुभवको उपयोग गर्न र स्वास्थ्य अवस्थाको संवेदनशिलताका कारण भनि मिलाउन पर्ने | स्वाथ्य अवस्थालाई विचार गर्न |

सभागृह

Scanned with CamScanner

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| ३९. | मा० जीवनबहादुर शाही | २६ | ६ | | | मूल विधेयकमा रहेको "खटाउन सक्नेछ" भन्ने शब्दावली पछि देहायको वाक्यांश थप गर्ने।<br>"तर मुख्यमन्त्री, मन्त्री, राज्य मन्त्री, सहायक मन्त्रीलगायतका पदाधिकारीको निजी सचिवालयमा खटिने कर्मचारीको हकमा मूल विधेयकको दफामा उल्लेखित समय सीमा लागू हुने छैन" | मुख्यमन्त्री, मन्त्री राज्यमन्त्री लगायतका पदाधिकारीको निजी सचिवालयमा खटिने कर्मचारीले तीन महिना भन्दा बढी अवधिसम्म कामकाज गर्नु पर्ने भएकोले। |
| ४०. | मा० जीवनबहादुर शाही | २६ | ९ | | | मूल विधेयकको "सकिने छैन" भन्ने शब्दावली पछि देहायबमोजिमको शब्दावली राख्ने।<br>"तर मुख्यमन्त्री, मन्त्री, राज्य मन्त्री, सहायक मन्त्री लगायतका पदाधिकारीको निजी सचिवालय काजमा खटाउन कुनै बाधा हुने छैन।" | मा० मुख्यमन्त्री, मन्त्रीलगायतका पदाधिकारीको नीजि सचिवालयमा सबै सेवा वा समूह वा उपसमूहका कर्मचारीहरूको विशिष्ठ ज्ञान, सीप र अनुभव उपयोगी हुन सक्ने। |
| ४१. | मा० विजया बुढा | २७ | १ | | | मूल विधेयकको प्रदेश स्वास्थ्य सेवा बाहेकका अन्य सेवा भन्ने कोलम अन्तर्गत क्रमसंख्या १ को तेस्रो कोलममा रहेको "उत्तीर्ण" भन्ने शब्दावली पश्चात देहायबमोजिमको वाक्यांश एवं शब्दावलीहरू राख्ने।<br>"र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कृषि तथा वन सेवाका कर्मचारीको हकमा सेवा प्रवेश गर्दाको शैक्षिक योग्यता।" | संघीय कानुन तथा समायोजन ऐनबमोजिम प्रदेश सेवामा समायोजन भएका वन र कृषि सेवा समूहमा कार्यरत कर्मचारीहरूलाई स्तर बृद्धि सम्बन्धी अवसरबाट वञ्चित गर्न नहुने। |
| ४२. | मा० महेन्द्र के.सी. | २७ | (६) | | | उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि गर्दा प्रत्येक वर्षको साउन एक गते र माघको एक गतेदेखि लागू हुने गरी गर्नु पर्नेछ।<br>तर समायोजन भएर आएका कर्मचारीहरूको हकमा एकपटकको लागि यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र स्तर वृद्धि गरिसक्नुपर्नेछ। | समयमा ऐन नआउँदा समायोजन भएका कर्मचारीहरूको न्यूनतम सेवा अवधी भन्दाबढी समय व्यतित भैसकेकोले निजहरूको समग्र सेवा अवधीमा प्राप्त गर्नुपर्ने वृत्ति विकासमा क्षती पुगेको। |

सभामुख

९

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैंफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| ४३. | माo यामलाल कंडेल, माo विनोद कुमार शाह, माo टेकराज पछाई र माo जीतबहादुर मल्ल | २७ | ६ | | | उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि गर्दा प्रत्येक वर्षको साउन एक गते र माघको एक गतेदेखि लागू हुने गरी गर्नु पर्नेछ।<br>तर समायोजन भएर आएका कर्मचारीहरूको हकमा एक पटकको लागि यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र स्तर वृद्धि गरी सक्नुपर्नेछ। | समायोजन भएका कर्मचारीहरूको न्युनतम समयावधी पुगिसकेको। |
| ४४. | माo विन्दमान विष्ट | २७ | ६ | | | ......गर्नु पर्दछ भन्ने शब्दको पछाडि तर समायोजन भएर आएका कर्मचारीहरूको हकमा एक पटकको लागि यो ऐन जारी भएको एक महिना (तीस दिन) भित्र स्तर वृद्धि गरी सक्नुपर्नेछ। | ऐन समयमा नआउँदा स्तर वृद्धि नभई मर्कामा परेकाले। |
| ४५. | माo महेन्द्र के.सी. | ३० | | (छ) | | हटाउनुपर्ने | -निजामती सेवा ऐन, २०४९ कोदफा २२ सँग बाझिएको।<br>-दफा ३३ को उपदफा (२) को खण्ड (घ) मा भौगोलिक क्षेत्रमा काम गरे बापत १८ अंक व्यवस्था गरिएको। |
| ४६. | माo विन्दमान विष्ट | ३० | ६ | | | ... कर्मचारीलाई भन्ने शब्दको पछाडि "स्तर वृद्धि र" भन्ने शब्दावली थप्नु पर्ने। | स्तर वृद्धि उल्लेख नभएकाले |
| ४७. | माo यामलाल कंडेल, माo विनोद कुमार शाह, माo टेकराज पछाई र माo जीतबहादुर मल्ल | - ३० | | (छ) | | हटाउनुपर्ने। - | निजामती सेवा ऐन, २०४९ दफा २२ सँग बाझिएको।<br>दफा ३३ को उपदफा (२) को खण्ड (घ) मा भौगोलिक क्षेत्रमा काम गरे बापत १८ अंक व्यवस्था गरिएको। |
| ४८. | माo जीवनबहादुर शाही | ३३ | २ | ग र | | मूल विधेयकको खण्ड (ग) मा रहेको "दश" भन्ने शब्दको | कर्मचारीको बढुवामा शैक्षिक |

सभामुख



Scanned with CamScanner

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | घ | | सट्टा देहायबमोजिमको शब्द राख्ने।<br>"बाह"<br>मूल खण्ड (घ) मा रहेको "अठार" भन्ने शब्दको सट्टा देहायबमोजिमको शब्दावली राख्ने।<br>"सोह" | योग्यता प्रणालीलाई प्राथमिकता दिइनु पर्ने। |
| ४९. | मा० जीवनबहादुर शाही | ३६ | १ | | | मूल विधेयकमा रहेको "बापत" भन्ने शब्द पछिको "अठार" शब्दावलीको सट्टा देहायबमोजिमको शब्दावली राख्ने।<br>"सोह" | मूल विधेयकको दफा ३३ को उपदफा २ खण्ड घ बमोजिम। |
| ५०. | मा० जीवनबहादुर शाही | ३७ | १ | क | | मूल विधेयकको खण्ड (क) मा रहेको "एकमुष्ठ" भन्ने शब्दावली पछिको "सात" शब्दको सट्टा देहायबमोजिमको शब्दावली राख्ने।<br>"नौ" | मूल विधेयकको दफा ३३ को उपदफा २ खण्ड (ग) बमोजिम। |
| ५१. | मा० जीवनबहादुर शाही | ६०ं | | | | मूल विधेयकमा "खण्ड (घ)" थप गरी देहायबमोजिमको शब्दावली थप गर्ने।<br>"प्रदेश निजामती सेवामा निरन्तर अस्थायी पदमा कार्यरत श्रेणी बिहीन कर्मचारीहरू क्रमशः हलुका सवारी चालक र कार्यालय सहयोगीले बिचैमा राजिनामा दिएमा वा उमेर हदका कारण अवकाश पाएमा वा दरबन्दी कटौती भई पद वा जिम्मेवारीबाट मुक्त भएको बखत उनीहरूलाई देहाय अनुसार प्रोत्साहन वा गोल्डेन ह्याण्डसेक स्वरुप एकमुष्ठ आर्थिक सहयोग प्रदान गरिने छ।"<br>(क) पाँच बर्षदेखि दश वर्षसम्म सेवा गरेको अस्थायी श्रेणी बिहीन कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त आखिरी महिनाको १० दिन बराबरको तलब।<br>(ख) दश वर्षभन्दा बढी बीस वर्षसम्म सेवा गरेको अस्थायी | (क) हालको व्वस्थामा श्रेणीबहीन कर्मचारीहरू क्रमशः हलुका सवारी चालक र कार्यालय सहयोगीहरू स्थायी नहुने र मूल विधेयकले स्थायी कर्मचारीको सेवा सुविधालाई मात्र बोल्ने भएकोले।<br>(ख) लामो अवधीसम्म सरकारी काम गर्दा अनिवार्य अवकास हुँदा वा जागिरबाट बिदा हुँदा कुनै पनि सेवा सुविधा नदिदा ती कर्मचारीहरूलाई अन्याय हुने भएकोले सरकारबाट प्रोत्साहन |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | श्रेणीबिहीन कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त आखिरी महिनाको २० दिन बराबरको तलव।<br>(ग) बीस बर्ष भन्दा बढी तीस वर्षसम्म वा सो भन्दा बढी सेवा गरेको अस्थायी श्रेणी बिहीन कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त आखिरी एक महिनाको तलव। | एवं गोल्डेन ह्यान्डसेक बापत रकम दिनु आवश्यक छ। |
| ५२. | मा० हिक्मतबहादुर विष्ट | ७६ | | | | ............र सकेसम्म भन्ने शब्दको सट्टा विशेष अवस्था/परिस्थितीमा भनिराख्नुपर्ने | सकेसम्म भन्दा अन्यथा अर्थ लगाउन सक्ने भएकोले |
| ५३. | मा० हिक्मतबहादुर विष्ट | ८३ | | | | कम्पनी स्थापना वा संचालन गर्न वा ठेक्कापट्टा गर्न वा व्यापार व्यवसाय गर्न नहुने | ठेक्कापट्टा गर्न पाउने छिद्र रहने भएकोले |
| ५४. | मा० हिक्मतबहादुर विष्ट | ८५ | | | | ................कुनैपनि राजनैतिक पदको लागि हुने निर्वाचनमा कुनै दलको तर्फबाट भाग लिन, | निर्वाचनको स्वच्छता र जानकारीका लागि प्रचार-प्रसार गर्न बाधा नपुर्याउनका लागि |
| ५५. | मा० हिक्मतबहादुर विष्ट | ८६ | १ | | | ............हुदैन। तर कानुन बमोजिम दर्ता भएका कर्मचारी संघसंगठनले शान्तिपुर्वक गाग गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन। | संघसंगठन खोल्न पाउने संवैधानिक हकमा आघात नपुगोस भनेर |
| ५६. | मा० हिक्मतबहादुर विष्ट | ९५ | २ | | | ...........फौजदारी मुद्दाको हकमा यथेस्ठ प्रमाण भएमा भनी राखिनुपर्ने अख्तियारवालाको अनुमति प्राप्त भएको भन्ने शब्द हटाउनुपर्ने। | अनुमति लिनुपर्ने व्यवस्थाले अभियुक्तलाई खेल्ने मौका मिल्ने भएकोले |
| ५७. | मा० हिक्मतबहादुर विष्ट | ११६ | ञ | | | 'ञ' पछि 'ट' भ्रमण बिदा भनि थप्नु पर्ने | व्यक्तिगत रुपमा वा पारिवारिक रुपमा धार्मिक तथा अन्य भ्रमण गर्न पाउनका लागि |
| ५८. | मा० हिक्मतबहादुर विष्ट | १२१ | ७ | | | ................आठौं तहको सट्टा सातौं भनी राखिनुपर्ने | आठौं तह सम्मकालाई यो छुट दिनु उपयुक्त नहुने। |
| ५९. | मा० हिक्मतबहादुर विष्ट | १३३ | | | | ............त्यसरी माग गर्दा तत्काल नपठाएमा पदपुर्ति | पद रिक्त रहदाँ सेवाग्राहीलाई |

सभामुख

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | नहुँदासम्मका लागि करार वा ज्यालादारीका रुपमा बढिमा छ महिनाका लागि नियुक्त गर्न सक्नेछ। | मर्का नपरोस भनेर |
| ६०. | मा० हिक्मतबहादुर विष्ट | १३८ | २ | | | सामान्य भन्ने शब्दको सट्टा समान वा संयुक्त भनेर राख्नु पर्ने | यी शब्द बढी उपयुक्त हुने |

क. सं. १ देखि ६० सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत गर्दछु।

प्रदेश सभा कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

............ सभामुख

(नन्दा गुरुङ्ग)
सभामुख
कर्णाली प्रदेशसभा, कर्णाली प्रदेश
मितिः २०८०/०५/०८



Scanned with CamScanner